# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २५] काठमाडौं, फागुन ११ गते २०३२ साल [संख्या ४५


श्री ५ को सरकार

### जल तथा विद्युत् मन्त्रालयको

### सूचना

खानेपानी विकास समिति (गठन) आदेश, २०३२

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ:–

१. संक्षिप्त नाम र प्रारम्भ:- (१) यस आदेशको नाम "खानेपानी विकास समिति (गठन) आदेश, २०३२" रहेको छ।

(२) यो आदेश तुरून्त प्रारम्भ हुनेछ।

२. परिभाषा:– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा-

"परियोजना" भन्नाले श्री ५ को सरकारबाट स्वीकृत खानेपानी विकास परियोजना सम्झनुपर्छ।

३. समितिको गठन:– (१) खानेपानी विकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ।

(२) उप-दफा (१) बमोजिमको समितिमा देहायका अध्यक्ष र सदस्यहरू रहनेछन्:–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) सचिव, जल तथा विद्युत् मन्त्रालय – – – अध्यक्ष
(ख) प्रतिनिधि, अर्थ मन्त्रालय – – – – – – – सदस्य
(ग) प्रतिनिधि, राष्ट्रिय योजना आयोग – – – – सदस्य
(घ) चीफ इञ्जिनीयर, खानेपानी तथा ढल निकास विभाग–सदस्य-सचिव

(३) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिको सदस्यहरूको थप–घट वा हेरफेर गर्न सक्नेछ।

(४) समितिको आमन्त्रणमा श्री ५ को सरकारको कुनै अधिकृत, भारतीय सहयोग नियोगका अधिकृत वा स्वदेशी वा बिदेशी विशेषज्ञ वा सल्लाहकार समितिको बैठकमा पर्यवेक्षकको रूपमा उपस्थित हुन सक्नेछ।

४. समितिको काम, कर्तव्य र अधिकारः– (१) परियोजना कार्यान्वित गर्नु समितिको कर्तव्य हुनेछ र परियोजना कार्यान्वयनको लागि समितिले निम्नलिखित कामहरू गर्न सक्नेछः–

(क) परियोजनाको सर्भेक्षण, रूपाङ्कन (डिजाइन) र लगत तयार गर्ने,
(ख) परियोजनाको निर्माण कार्य सञ्चालन गर्ने,
(ग) परियोजनाको निर्माण, सञ्चालन वा कार्यान्वयनको सम्बन्धमा नीति निर्धारण गर्ने र ती कार्यहरूको निरीक्षण गर्ने,
(घ) परियोजनाको लागि आवश्यक कर्मचारी र सल्लाहकारहरूको नियुक्ति गर्ने,
(ङ) परियोजनाको कार्यान्वयनको निमित्त अन्य आवश्यक कार्यहरू गर्ने।

५. समितिको कोषः– समितिको कोषमा देहायका रकमहरू रहनेछन् र समितिको सबै खर्च सो कोषबाट व्यहोरिनेछ।

(क) भारत सरकारबाट प्राप्त रकम,
(ख) समितिले अरू कुनै स्रोतबाट प्राप्त गरेको रकम।

६. लेखापरीक्षणः– (१) समितिको आय-व्ययको लेखा समितिले बनाएको नियमबमोजिम राखिनेछ।

(२) समितिको लेखापरीक्षण प्रचलित नेपाल कानूनबमोजिम हुनेछ।

(३) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत पनि समितिको हिसाव–किताब जाँच्न वा जचाउन सक्नेछ।

७. अधिकार प्रत्यायोजन गर्न सक्ने :– समितिले आवश्यकतानुसार आफ्नो सबै वा केही अधिकार समितिको कुनै सदस्य, सदस्य–सचिव वा सदस्यहरूको उपसमिति वा परियोजनाको अरू कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६८४

८. <u>समितिको बैठक र निर्णय</u>:– (१) समितिको बैठक अध्यक्षले तोकेबमोजिम बस्नेछ।

(२) अध्यक्ष र सदस्य–सचिवको अतिरिक्त अरू कुनै एक जना सदस्य उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ।

(३) समितिमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत समेत दिन सक्नेछ।

(४) समितिको निर्णय समितिको सदस्य–सचिवद्वारा प्रमाणित गरिनेछ।

(५) समितिको बैठकमा अपनाइने अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ।

९. <u>नियमहरू बनाउने</u>:– समितिले आफ्नो कार्य सञ्चालनको लागि आवश्यक नियमहरू श्री ५ को सरकारको स्वीकृति लिई बनाउन सक्नेछ।

१०. <u>श्री ५ को सरकारसंग सम्पर्क</u>:– समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा जल तथा विद्युत् मन्त्रालय, खानेपानी तथा ढल निकास विभागमार्फत सम्पर्क राख्नुपर्छ।

११. <u>समितिको कार्यालय</u>:– समितिको प्रधान कार्यालय काठमाडौंमा र परियोजना कार्यालय सम्बन्धित परियोजना क्षेत्रमा रहनेछ।

१२. <u>सम्पत्तिको हस्तान्तरण र काम कारवाईको मान्यता</u>:– (१) यो आदेश प्रारम्भ हुनुभन्दा अघि गठन भएको नहर तथा खानेपानी विकास समितिको खानेपानीसम्बन्धी सबै चल तथा अचल सम्पत्ति यस समितिलाई हस्तान्तरण गरिएको छ।

(२) यो आदेश प्रारम्भ हुनुभन्दा अघि गठन भएको नहर तथा खानेपानी विकास समितिले गरिआएको खानेपानीसम्बन्धी सबै काम कारवाई यसै समितिले गरिआएको मानिनेछ र उक्त समितिसित भएको खानेपानीसम्बन्धी ठेक्का–पट्टा तथा करारहरूसमेत यसै समितिसित भएको मानिनेछ।

आज्ञाले–
अच्युतबहादुर राजभण्डारी
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९८२

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।